## कार्यपालिका बैठकका प्रस्तावहरु

१. ठेक्काको म्याद थप सम्बन्धमा ।

२. बार्षिक खरिद योजना सम्बन्धमा ।

३. काज स्वीकृत सम्बन्धमा ।

४. कार्यक्रम पूर्व-स्वीकृती सम्बन्धमा ।

५. अनुदान निकासा सम्बन्धमा ।

६. सुख्खा ग्रस्त क्षेत्र घोषणा सम्बन्धमा ।

७. औषधी उपचार खर्च सम्बन्धमा ।

८. स्तरवृद्धि सम्बन्धमा ।

९. ठेक्का रद्द सम्बन्धमा ।

१०. LISP का आयोजनाहरूको समिक्षा तथा अधुरो योजना सम्बन्धमा ।

११. दररेट सम्बन्धमा ।

१२. कृषि हाटबजार व्यवस्थापन सम्बन्धमा ।

१३. छुट सामाजिक सुरक्षा भत्ता रकम निकासा सम्बन्धमा ।

१४. विविध सम्बन्धमा ।

## कार्यपालिकाका निर्णयहरु

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.ब. २०८२/८३ मा ठेक्का व्यवस्थापन भई समयमै सम्पन्न हुन नसकेका तपसिल बमोजिमका योजनाहरुको २०८३ असोज मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल

<table>
<tr><th>क्र.सं.</th><th>योजनाको नाम</th><th>ठेक्का नं.</th><th>निर्माण कम्पनीको नाम र ठेगाना</th><th>म्याद थप गर्नुपर्ने कारण</th><th>जमानतको म्याद</th></tr>
<tr><td>१.</td><td>पातिहाल्ना देखि आधारभूत अस्पतालसम्म सडक स्तरोन्नति</td><td>SRM/NCB/WORKS-02-082-083</td><td>सघन निर्माण सेवा, बारेकोट-८, जाजरकोट</td><td rowspan="4">निर्माण कार्य सम्पन्न नभएको, सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिएको</td><td rowspan="4">२०८४ कार्तिक मसान्तसम्म</td></tr>
<tr><td>२.</td><td>आग्रीगाउँ स्वास्थ्य चौकी भवन निर्माण</td><td>SRM/NCB/WORKS-09-082-083</td><td>गितान्सा निर्माण सेवा, वी.न.पा.-४, सुर्खेत</td></tr>
<tr><td>३.</td><td>आवि लिपेचौर ४ कोठे भवन निर्माण</td><td>SRM/NCB/WORKS-06-082-083</td><td>गंगामाला कन्स्ट्रक्सन, सिम्ता-२, सुर्खेत</td></tr>
<tr><td>४.</td><td>पालिका परिसर कालोपत्रे</td><td>SRM/NCB/WORKS-14-082-083</td><td>भैरव निर्माण सेवा, कोहलपुर-५, बाँके</td></tr>
</table>

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालयमा गठित खरिद समितिद्धारा तयार पारिएको बार्षिक खरिद योजना अनुमोदन तथा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री धनीराम शर्माको नेपाल प्रशासनिक प्रतिष्ठान जावलाखेलद्धारा सञ्चालन गरिने Professional Course on Management and Development (PCMD) तालिममा छनौट हुनु भएकोले उक्त तालिम अवधिभरको लागि तालिम काज स्वीकृत गर्ने र सो अवधिभर सामान्य दैनिक प्रशासनिक कार्यको लागि निमित्त भएर कामकाज गर्न यसै गाँउपालिकाका प्रशासकीय अधिकृत छैठौं श्री टोप बहादुर रानालाई निमित्त तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकामा कुनै पनि कार्यक्रम गर्न चाहने संघ, संस्था, व्यक्ति फर्मले त्यस्तो कार्यक्रम गर्नुपूर्व कम्तिमा ७ (सात) दिन अगावै कार्यालयलाई लिखित जानकारी गराई कार्यक्रम प्रस्तावना पेश गरेर पूर्व स्वीकृती लिएर मात्र कार्यक्रम गर्नुपर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०८३/८४ को स्वीकृत बार्षिक विकास कार्यक्रम अन्तर्गतका वागेश्वरी मावि शैक्षिक अभिवृद्धि अनुदान शिर्षकमा विनियोजित रकम रु.१० लाख वडा नं. ६ स्थित वागेश्वरी माध्यमिक विद्यालयलाई निकासा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्रभित्र रहेका तपसिल बमोजिमका स्थानलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गर्ने र सो को जानकारी जिल्ला विपद् व्यवस्थापन समिति, सुर्खेतलाई गराउने निर्णय गरियो ।

तपसिल

क. सिम्ता-१, लुकुई, बाखर्क
ख. सिम्ता-३ बाखर्क, काक्रेतडा, औलझ्यामा, मस्तरा, आग्रीगाउँ
ग. सिम्ता-४, कालिखोला, बालिखोला, चिमिरे खोला
घ. सिम्ता-५, आली, पानीखोला, सेरा
ङ. सिम्ता-६, घोरेरी, ठिग्नी, राकम, गजौडा, नयाँ गाउँ, टापु, जामुनेबजार
च. सिम्ता-७, कोटसिम्ला, सिस्नेखोला, तामाधारी, गोजीबजार, बैसपानी, चिउरीबगर
छ. सिम्ता-८, भयलटाकुरा, पिपलखेत
ज. सिम्ता-९, मुलखोली, रझेना, बर्ने, पशुनाउला

सिम्ता गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राकम, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस सिम्ता गाउँ कार्यपालिका सदस्य कुशुमी सुनारको औषधी उपचारार्थ आर्थिक तथा सामाजिक सहायता खर्च शिर्षकबाट रु.४० हजार औषधी उपचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

धनीराम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस सिम्ता गाउँपालिकामा कार्यरत देहाय बमोजिमका कर्मचारीहरुले स्तरबृद्धिका लागि आवश्यक कागजात सहित निवेदन पेश गरेकोमा निजहरुका कागजातहरु अध्ययन गर्दा स्तरबृद्धि गर्न मनासिव देखिएकाले निजहरुलाई मिति २०८३/०४/०१ गते देखि लागु हुने गरि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २६ (१) बमोजिम देहाय अनुसार स्तरबृद्धि गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. सं. | कर्मचारीको नामथर | कर्मचारी संकेत नं. | हालको पद तथा स्तर | स्तरबृद्धि भई कायम हुने पद तथा स्तर | कैफियत |
|---|---|---|---|---|---|
| १. | शैलेन्द्र देव गिरी | २३८८३४ | इन्जिनियर सातौं | वरिष्ठ इन्जिनियर आठौं | |
| २. | बुद्धि बहादुर गौतम | २४१६४६ | वरिष्ठ शिक्षा अधिकृत सातौं | प्रमुख शिक्षा अधिकृत आठौं | |

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सञ्चालित तपसिल आयोजनाहरु आयोजना स्थल विवादका कारण निर्माण कार्य सुरुवात हुन नसकेकाले उक्त आयोजनाहरुको ठेक्का सम्झौता रद्द गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | ठेक्का नं. | निर्माण कम्पनीको नाम र ठेगाना | रद्द गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | खनेटा सडक देखि रचेना सालखोला हुदै खम्मटोलसम्म बाटो निर्माण तथा ढलान, सिम्ता-१, सुर्खेत | SRM/NCB/WORKS-10-082-083 | पोखेल निर्माण सेवा, सिम्ता-४, सुर्खेत | जग्गा विवाद, आयोजना |
| २. | सुर्खेत जिल्ला सिम्ता गा.पा. ९ चोल्पा दुनी सडक स्तरोन्नति | SRM/NCB/WORKS-08-082-083 | भैरव निर्माण सेवा, कोहलपुर-५, बाँके | स्थल विवाद |

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सँगको सहलगानीमा आ.ब. २०८२/८३ मा संचालित आठ (८) वटा आयोजनाहरूको बारेमा समिक्षा गर्दा सात (७) वटा आयोजनाहरू सम्पन्न भएको तर "पातिहाल्ना देखि आधारभूत अस्पताल सम्म सडक स्तरोन्नति" आयोजना आ.ब. २०८२/८३ मा ६२% मात्र पूरा हुन सकेकोले सो योजना सम्पन्न गर्न श्री भूमी व्यवस्था, सहकारी तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पूर्वाधार सहयोग कार्यक्रम, कार्यक्रम समन्वय इकाई, सिंहदरबार, काठमाडौलाई थप बजेट सहयोग उपलब्ध गराईदिन अनुरोध गर्ने निर्णय गरियो ।

सिम्ता गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रकम, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

धनीराम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गाउँपालिकाका लागि आ.ब. २०८३/८४ का लागि कायम भएको जिल्ला दररेट लाई नै यस गाउँपालिकाको दररेट कायम गर्ने तथा देहाय बमोजिमको स्थानहरुको वर्गिकरण गरी ढुवानी भाडा थप गरी दररेट कायम गर्ने निर्णय गरियो ।

| क्र.सं. | स्थान | वर्ग |
|---|---|---|
| १. | घोरेटा, खनेटा, बैसपानी, दह आसपासका स्थानका लागि | 'क' |
| २. | काफलकोट, नाहागाउँ, काँडासिम्ता, दुनी, डाँडाखाली, आसपासका स्थानका लागि | 'ख' |
| ३. | दुर्पाला, देवली, सिर्पा, आग्रिगाउँ, ठार, खान्मा, सिमा आसपासका स्थानका लागि | 'ग' |

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस सिम्ता गाउँपालिकाको कृषि हाटबजार व्यवस्थापनको लागि सिम्ता-६, गोजीबजारमा रहेको कृषि भवनलाई हाटबजारको रुपमा प्रयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को चौथो त्रैमासिक सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्दा तपसिल बमोजिमका लाभग्राहीहरुको भत्ता रकम छुट भएकोले छुट हुन गएको रकम निकासाको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

| सामाजिक सुरक्षा किसिम | लाभग्राही संख्या | रकम रु. |
|---|---|---|
| विधवा | २ जना | १३,३००।- |
| अतिअशक्त अपाङ्गता | १ जना | ४,२५६।- |
| दलित बालबालिका | ५ जना | ६,९१६।- |
| जम्मा | ८ जना | २४,४७२।- |

निर्णय नं. १४

प्रस्ताव नं. १४ को विविध विषय माथि छलफल गर्दा देहाय बमोजिमका निर्णय गरियो ।

क. सिम्ता गाउँपालिका 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को दफा २ (३) बमोजिम एन.एच. कन्स्ट्रक्सन, सिम्ता-१, सुर्खेतलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र दिने।

ख. तपसिल बमोजिमका व्यक्तिहरुले यस कार्यालयमा दिएको निवेदन अनुसार देहाय बमोजिमको रकम आ.व. २०८३/८४ को स्वीकृत बार्षिक विकास कार्यक्रम अन्तर्गत आर्थिक तथा सामाजिक सहायता कोष शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने ।

तपसिल

क. तिलक बहादुर कामी, सिम्ता-६, सुर्खेत रु.१५ हजार ।
ख. कुली सिंह ठकुरी, सिम्ता-३, सुर्खेत रु.१५ हजार ।
ग. तिर्थ बहादुर शाही, सिम्ता-२, सुर्खेत रु.१५ हजार ।
घ. तुले कामी, सिम्ता-४, सुर्खेत रु.१५ हजार ।
ङ. सन्तोष सुनार, सिम्ता, सुर्खेत रु.१५ हजार ।
च. राम बहादुर वि.क.(रमेश वि.क.), सिम्ता-७, सुर्खेत रु.१५ हजार ।
छ. मन कुमारी पुन, सिम्ता-७, सुर्खेत रु.५ हजार ।
ज. गौमाया थापा, सिम्ता-९, सुर्खेत रु.५ हजार ।
झ. कविता वि.सी., सिम्ता-८, सुर्खेत रु.५ हजार ।